**कागेश्वरी मनोहरा नगरपालिकाको खानी तथा खनिज पदार्थ व्यवस्थित गर्ने कार्यविधि-२०७६**

प्रमाणिकरण मितिः २०७६...........

**प्रस्तावना**

कागेश्वरी मनोहरा नगरपालिकाको वातावरणीय पक्षमा प्रतिकूल प्रभाव नपर्ने गरी यस नगर क्षेत्र भित्रको ढुंगा, गिट्टी, बालुवा लगायतका खानी तथा खनिज स्रोतहरुको संरक्षण, सर्वेक्षण, उत्खनन, उपयोग गर्दै कागेश्वरी मनोहरा नगरपालिकाको सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राखी यस क्षेत्रको विकास र समृद्धिमा टेवा पुऱ्यानका लागि खानी तथा खनिज पदार्थ सम्बन्धी व्यवस्थालाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(२ प) को कार्यान्वयनको लागि कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कागेश्वरी मनोहरा नगरपालिकाको खानी तथा खनिज पदार्थ व्यवस्थित गर्ने कार्यविधि-२०७६" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) "खनिज पदार्थ" भन्नाले जमीनको सतह वा सतहभित्र पाइने ढुंगा, गिट्टी, बालुवा, नुन, माटो, फायर क्ले, स्लेट आदि खानीजनन्य पदार्थ सम्झनु पर्दछ पदार्थ सम्झनुपर्छ ।

(ख) "ढुङ्गा र माटो जन्य पदार्थ" भन्नाले उत्खनन् गर्न अनुमति भएको नदी, बगर वा खानी क्षेत्रबाट संकलन र उत्खनन् गर्दा निस्कने रोडा, ढुङ्गा, गिट्टी, वालुवा, मिस्कट, पाँगो, भरुवा र माटो समेतलाई नाउनेछ ।

(ग) "नदीजन्य पदार्थ" भन्नाले नदी वा नदी किनारबाट उत्खनन् गरिएको ढुङ्गा, गिट्टी, वालुवा र माटोजन्य पदार्थलाई जनाउने छ ।

(घ) "खानीजन्य पदार्थ" भन्नाले खानीबाट उत्खनन् गरिएको चट्टान, ढुङ्गा, गिट्टी, वालुवा र माटोजन्य पदार्थलाई जनाउने छ ।

(ङ) "ढुंगा र माटोजन्य पदार्थ" भन्नाले उत्खनन् गर्न अनुमति भएको नदी, वगर वा खानी क्षेत्रबाट संकलन र उत्खनन् गर्दा निस्कने ढुङ्गा, बालुवा, माटो, पाँगो र मिस्कटलाई सम्झनु पर्छ ।

(च) “उत्खनन् कार्य” भन्नाले खनिज पदार्थको उत्खनन्, उत्पादन, शुद्धिकरण, प्रशोधन, ढुवानी, संचय वा बिक्री वितरण गर्ने कार्य सम्झनुपर्छ ।

(छ) “खनिज कार्य” भन्नाले खोज तलास कार्य र उत्खनन् कार्य सम्झनुपर्छ ।

(ज) “अनुमति प्राप्त व्यक्ति” भन्नाले दफा ५ बमोजिम खनिज कार्य गर्ने अनुमति प्राप्त व्यक्ति सम्झनुपर्छ ।

(झ) “खनिज क्षेत्र” भन्नाले खनिज कार्य गर्ने अनुमति पत्रमा उल्लेखित क्षेत्र सम्झनुपर्छ ।

(ञ) “प्रमुख” भन्नाले कागेश्वरी मनोहरा नगरपालिकाका प्रमुख सम्झनुपर्छ ।

(ट) “नगरपालिका” भन्नाले कागेश्वरी मनोहरा नगरपालिका सम्झनु पर्छ ।

(ठ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले कागेश्वरी मनोहरा नगरपालिकाको प्रमुख प्रशासकीय सम्झनु पर्छ ।

(ड) “कार्यपालिका भन्नाले” भन्नाले कागेश्वरी मनोहरा नगरपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(ढ) “प्रदूषण” भन्नाले वातावरणमा प्रत्यक्ष वा अपत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानिनोक्सानी पुऱ्याउने क्रियाकलाप सम्झनु पर्दछ ।

(ण) “मन्त्रालय” भन्नाले संघ तथा प्रदेशको खानी तथा खनिज पदार्थ हेर्ने मन्त्रालयलाई सम्झनु पर्दछ ।

(त) “वडा” भन्नाले कागेश्वरी मनोहरा नगरपालिकाको वडा सम्झनुपर्छ ।

(थ) “वातावरणीय अध्ययन” भन्नाले प्रारम्भिक वातावरण परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनलाई सम्झनु पर्छ ।

(द) “सभा” भन्नाले कागेश्वरी मनोहरा नगरसभालाई सम्झनुपर्छ ।

(ध) “तोकिएको” वा “तोकिएबमोजिम” भन्नाले यस कार्यविधि वा कार्यपालिकाले तोकिए बमोजिम सम्झनुपर्छ ।

३. **कार्यविधिको उद्देश्यः** यो कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ,-

(क) खानी तथा नदीबाट उत्खनन्, संकलन तथा बिक्री वितरण हुने ढुंगा, बालुवा, माटो, र पाँगोजन्य पदार्थको अत्यधिक दोहन रोकी सहज आपूर्तिका साथै दिगो व्यवस्थापनको प्रबन्ध मिलाउने,

(ख) खानी र नदीबाट संकलन हुने ढुंगा, बालुवा माटो र पाँगोजन्य पदार्थको उपयोग र व्यवस्थापनका सन्दर्भमा नेपाल सरकार तथा प्रदेश कानुन बमोजिमका कार्यहरू गर्न सहज तुल्याउने,

(ग) ढुङ्गा, गिट्टी, बालुवा, माटो र पाँगोजन्य पदार्थबाट प्राप्त राजस्वबाट स्थानीय तहको वातावरण व्यवस्थापन सहजिकरण गर्ने ।

**४.** **<u>नगरपालिकाको स्वामित्व हुनेः</u>** नगरपालिकाको क्षेत्राधिकारभित्र रहेकको निजी स्वामित्व र नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भित्र रहेको बाहेक अन्य सार्वजनिक क्षेत्रमा रहेको नदी जन्य पदार्थ र खनिज पदार्थको स्वामित्व नगरपालिकाको हुनेछ ।

**५.** **<u>खनिज पदार्थ सम्बन्धी कार्य गर्ने अधिकारः</u>** (१) नगरपालिका क्षेत्रभित्रको साधारण निर्माणमुखी खनिज कार्य गर्ने अधिकार नेपालको संविधानको अनुसूचि ८ बमोजिम यस नगरपालिकालाई हुनेछ ।

(२) नगरपालिकाको अनुमति नलिई कसैले पनि खनिज पदार्थ सम्बन्धि कार्य गर्न गराउन हुँदैन ।

(३) यस ऐनको अधीनमा रही नगरपालिकाले खनिज कार्य आफैंले गर्ने वा अरु कुनै व्यक्तिलाई अनुमति दिई गराउन सक्नेछ ।

(४) नगरपालिकालाई खनिज कार्यमा पूँजी लगानी गरी वा अन्य कुनै प्रकारले हिस्सेदार बन्ने अधिकार हुनेछ ।

**६.** **<u>उत्खनन् वा संकलनको लागि क्षेत्र निर्धारण:</u>** (१) नगरपालिकाले नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् तथा संकलन गरिने क्षेत्र निर्धारण देहायको आधारमा गर्नेछः

(क) नदीजन्य पदार्थको उत्खनन् तथा संकलन गर्ने गरी स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनले तोकेका स्थान तथा क्षेत्रहरु,

(ख) नदी, खोला र खहरेमा बाढी पहिरोका कारणले ढुङ्गा र माटोजन्य पदार्थ थुप्रिन गई सोको कारणले वस्ती तथा भौतिक संरचनामा जोखिम उत्पन्न भएको वा हुनसक्ने अवस्था सृजना भै जिल्ला विपद् व्यवस्थापन समितिसँग परामर्श लिई नगर अनुगमन समितिले त्यस्ता पदार्थ हटाउनु पर्ने भनी तोकेका स्थलहरु,

(ग) निजी वा कुनै संस्था वा निकायको जग्गाबाट उत्खनन् गरी ढुङ्गा, गिट्टी, बालुवा र माटोजन्य पदार्थ निकाल्न सम्बन्धित स्थानीय तहको सिफारिशमा प्रचलित कानुन बमोजिम वातावरणीय परीक्षण सम्बन्धी प्रकृया पूरा गरी नगरपालिकाबाट दर्ता तथा अनुमति प्रदान गरिएको क्षेत्र ।

(घ) साधारण निर्माणमुखी खनिज पदार्थको खानी क्षेत्रको लागि कम्तीमा ०.५ वर्ग किमी (करीब एक सय रोपनी) क्षेत्रफल भएको क्षेत्र ।

(ङ) साधारण निर्माणमुखी खनिज पदार्थको उत्खनन् क्षेत्रको लागि कम्तीमा ०.०१ वर्ग किमी (करीब बीस रोपनी) क्षेत्रफल कायम भएको क्षेत्र ।

(च) वस्ती, मठमन्दिर, विद्यालय, सार्वजनिक बाटो, ऐतिहासिक स्थलहरूबाट न्यूनतम दूरी ५० मिटर हुनुपर्नेछ ।

(छ) नदी, खोला, खहरेमा बाढी पहिरोका कारणले ढुङ्गा र माटोजन्य पदार्थ थुप्रन गई सोको कारणले बस्ती तथा सार्वजनिक वा निजी संरचनामा जोखिम उत्पन्न हुन सक्ने अवस्था सिर्जना भई त्यस्ता पदार्थ हटाउनु पर्दा तोकिने स्थल,

(ज) सार्वजनिक वा निजी जग्गाबाट उत्खनन् गरी ढुङ्गा र माटोजन्य पदार्थ निकाल्न सम्बन्धित निकायबाट निर्णय भई अनुमति प्रदान गरिएको क्षेत्र ।

(झ) विभिन्न प्रकृतिका भौतिक पूर्वाधार, सडक तथा संरचनाहरू निर्माण गर्ने क्रममा उत्खनन् हुने क्षेत्र,

(ञ) जमीनलाई खेतीयोग्य बनाउने क्रममा ढुंगा, माटोजन्य पदार्थ हटाउनु पर्दा सम्बन्धित वडाबाट सिफारिश भई आएका क्षेत्र ।

(ट) सडकपुल भन्दा ५०० मिटर तल र माथिको क्षेत्र ।

(२) दफा (१) बमोजिमका कुनै क्षेत्रमा यस कार्यविधि बमोजिम नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, संकलन तथा विक्री वितरणको व्यवस्था नगरपालिकाले मिलाउने छ ।

**७.** **<u>नदीजन्य पदार्थको उत्खनन् तथा संकलन कार्य गर्ने अनुमतिः</u>** (१) यो कार्यविधि तथा अन्य कार्यविधिहरूको अधीनमा रही नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न चाहने व्यक्ति वा संस्थाको छनौट नगरपालिकाले प्रतिस्पर्धाको माध्यमबाट गर्नेछ ।

(२) उपदफा (१) बमोजिम छनौट भएको व्यक्ति वा संस्थाले यस दफा बमोजिमको नदीजन्य पदार्थ संकलन वा उत्खनन् गर्न देहाय बमोजिमका विवरणहरू संलग्न राखी अनुमतिको लागि तोकिए बमोजिमको ढाँचामा नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(क) खनिज पदार्थ उत्खनन् तथा संकलन गर्ने व्यक्ति वा संस्थाको आवेदन

(ख) उत्खनन्  वा संकलन कार्यको प्रस्तावित योजना

(ग) प्राविधिक क्षमता देखिने स्पष्ट आधारहरू खुलाउने प्रमाण कागजातहरू

(घ) निवेदकको नागरिकताको प्रमाणित प्रतिलिपि, कम्पनी भएमा सो को दर्ता प्रमाणपत्रको प्रतिलिपि

(ङ) कर कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि

(च) व्यक्तिको हकमा २ प्रति फोटो

(छ) चालु आर्थिक वर्षमा नगरपालिकालाई तिर्नु बुझाउनु पर्ने राजस्व तिरेको प्रमाणपत्रको प्रतिलिपि

(ज) कबोल गरेको ठेक अंक बमोजिम धरौटी र वैँक ग्यारेण्टीको सक्कल प्रति

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि नगरपालिकाले दफा ५ बमोजिमको समिति गठन गरी आवश्यक जाँचबुझ गरी निवेदन दिने व्यक्ति वा कम्पनीको आर्थिक एवं प्राविधिक क्षमता र खनिज कार्य गर्न आवश्यक योग्यता भएको देखिएमा निजलाई तोकिएको ढाँचामा तोकिएको दस्तुर लिई नगरपालिकाले खनिज कार्य गर्ने अनुमति दिन सक्नेछ ।

८. **<u>नदीजन्य बाहेक खनिज पदार्थको कार्य गर्ने अनुमतिः</u>** (१) यो कार्यविधिको अधीनमा रही नदी वाहेकका सार्वजनिक जग्गामा रहेको ढुंगा, गिट्टी, बालुवा, नुन, माटो, फायर क्ले, स्लेट आदि खानीजन्य पदार्थ उत्खनन्  तथा संकलन गर्न चाहने व्यक्ति वा निकायको छनौट नगरपालिकाले प्रतिस्पर्धाको माध्यमबाट गर्नेछ ।

(२) उपदफा (१) बमोजिम छनौट भएको व्यक्ति वा निकायले यस दफा बमोजिमको नदी वाहेकका खनिज पदार्थ संकलन वा उत्खनन् गर्न देहाय बमोजिमका विवरणहरू संलग्न राखी अनुमतिको लागि तोकिए बमोजिमको ढाँचामा नगरपालिकामा निवेदन दिनु पर्नेछ,-

(क) खनिज पदार्थ उत्खनन् तथा संकलन गर्ने व्यक्ति वा संस्थाको आवेदन

(ख) उत्खनन्  वा संकलन कार्यको प्रस्तावित योजना

(ग) प्राविधिक क्षमता देखिने स्पष्ट आधारहरू खुलाउने प्रमाण कागजातहरू

(घ) निवेदकको नागरिकताको प्रमाणित प्रतिलिपि, कम्पनी भएमा सो को दर्ता प्रमाणपत्रको प्रतिलिपि

(ङ) कर कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि

(च) व्यक्तिको हकमा २ प्रति फोटो

(छ) चालु आर्थिक वर्षमा नगरपालिकालाई तिर्नु बुझाउनु पर्ने राजस्व तिरेको प्रमाणपत्रको प्रतिलिपि

(ज) कबोल गरेको ठेक अंक बमोजिम धरौटी र वैंक ग्यारेण्टीको सक्कल प्रति

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि नगरपालिकाले तोकिए बमोजिमको एक प्राविधिक समिति गठन गरी आवश्यक जाँचबुझ गरी निवेदन दिने व्यक्ति वा निकायको आर्थिक एवं प्राविधिक क्षमता र खनिज कार्य गर्न आवश्यक योग्यता भएको देखिएमा निजलाई तोकिएको ढाँचामा तोकिएको दस्तुर लिई नगरपालिकाले खनिज कार्य गर्ने अनुमति दिन सक्नेछ ।

९. **<u>निजी जग्गाबाट खानीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्ने अनुमतिः</u>** (१) यो कार्यविधिको अधीनमा रही निजी जग्गामा रहेको ढुंगा, गिट्टी, बालुवा,माटो, स्लेट आदि खानीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न चाहने व्यक्ति वा निकायले देहाय बमोजिमका विवरणहरू संलग्न राखी अनुमतिको लागि तोकिए बमोजिमको ढाँचामा नगरपालिकामा निवेदन दिनु पर्नेछ,-

(क) खनिज पदार्थ उत्खनन् तथा संकलन गर्ने व्यक्ति वा संस्थाको आवेदन

(ख) विस्तृत प्रतिवेदन तथा उत्खनन् कार्यको योजना

(ग) प्राविधिक क्षमता देखिने स्पष्ट आधारहरू खुलाउने प्रमाण कागजातहरू

(घ) आर्थिक हैसियत देखिने प्रमाण कागजातहरू

(ङ) माइनिङ स्किम

(च) माइनिङ स्किम तयार पार्ने परामर्शदाताको नाम, ठेगाना र संलग्न व्यक्तिको वायोडाटा

(छ) नेपाल सरकार वा प्रदेश सरकार र नगरपालिकाबाट सडक वा अन्य सार्वजनिक पूर्वाधारको लागि पुरा गर्नुपर्ने मापदण्ड तोकिएकोमा सो मापदण्ड बमोजिमको अनुमति वा स्वीकृति

(ज) निवेदकको नागरिकताको प्रमाणित प्रतिलिपि, कम्पनी भए सो को दर्ता प्रमाणपत्रको प्रतिलिपि

(झ) कर कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि

(ञ) आफ्नै जग्गामा खानी सञ्चालन गर्ने भए जग्गाको स्वामित्व खुलेको प्रमाणपत्रको प्रतिलिपि

(ट) अरुको जग्गा लिज, करारमा लिइ खानी सञ्चालन गर्ने भए त्यस्तो लिज वा करार सम्झौताको प्रतिलिपि र जग्गा धनी पुर्जाको प्रतिलिपि

(ठ) खानी सञ्चालन गरिने जग्गाको व्लु प्रिन्ट तथा ट्रेस नक्सा

(ड)	व्यक्तिको हकमा २ प्रति फोटो

(ढ)	नगरपालिकालाई  चालु आ.व.मा बुझाउनु पर्ने राजस्व तिरेको प्रमाणको प्रतिलिपि

(ण)	वडाको सिफारिश

(२) उपदफा (१)  बमोजिमको निवेदन प्राप्त भएपछि नगरपालिकाले आवश्यक जाँचबुझ गर्दा उत्खनन् कार्यको योजना उपयुक्त देखेमा तोकिएको ढाँचामा तोकिएको दस्तुर लिई उत्खनन् कार्य गर्ने अनुमति दिनेछ ।

(३) नगरपालिकाले खोजतलास कार्य गरी पत्ता लगाएको गुण र परिमाणसमेत यकीन भई सकेको खनिज पदार्थको उत्खनन् कार्य गर्ने अनुमति लिन चाहने व्यक्तिसंग नगर कार्यपालिकाले चाहेमा त्यस्तो खोजतलास कार्यमा लागेको प्रत्यक्ष खर्च बराबरको रकम वा शेयर लिन सक्नेछ ।

(४) यस दफाबमोजिम खनिज कार्य गर्ने अनुमति दिंदा नगरपालिकाले खनिज कार्यको क्षेत्र अवधि र त्यस्तो खनिज कार्यमा नगर कार्यपालिका हिस्सेदार बन्ने भएमा तत्सम्बन्धी कुराहरुसमेत उल्लेख गर्नुपर्नेछ ।

१०. **<u>नदीजन्य पदार्थको संकलन, उत्खनन् र विक्रीः</u>** (१) नदीजन्य पदार्थको संकलन, उत्खनन् र विक्री सम्बन्धी विधि देहाय बमोजिम हुनेछः

(क)	नगरपालिकाले कार्ययोजना तयार गरी स्वीकृत गर्ने,

(ख)	वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी सम्बन्धित निकायबाट स्वीकृत गराउने,

(ग)	नगरसभाद्वारा स्वीकृत दरमा उत्खनन्, संकलनको अनुमती र विक्रीको लागि ठेक्का व्यवस्था मिलाउनु पर्ने ।

(२)	नदीजन्य पदार्थको संकलन र उत्खनन् गरिने क्षेत्र अन्य स्थानीय तह र नगरपालिकाको क्षेत्रभित्र पर्ने अवस्थामा संयुक्त समिति बनाई संकलन, उत्खनन् र विक्रीको व्यवस्था मिलाउन सकिनेछ ।

(३)	नदीजन्य पदार्थको संकलन, उत्खनन् र विक्रीकार्यको लागि ठेक्का व्यवस्था गर्नु पूर्व स्वीकृत वातावरण अध्ययन प्रतिवेदनमा आधारित रही प्राविधिक कार्यदलबाट चेकलिष्ट अनुसार स्थलगत अनुगमन गराई ठेक्का बन्दोवस्त गर्नु पर्नेछ ।

(४) नदीजन्य पदार्थ उत्खनन् गर्दा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित सीमाभित्र रही श्रम मूलक प्रविधि वा मेशिनको प्रयोग सम्बन्धमा भएको व्यवस्था बमोजिम गर्नुपर्नेछ ।

(५) नदीजन्य पदार्थको उत्खखन्, संकलन र बिक्री वितरण गर्दा ठेक्का बन्दोबस्त सम्बन्धी कार्य प्रचलित कानुन बमोजिम गर्नुपर्नेछ ।

(६) उत्खनन् तथा संकलन स्थलसम्म जाने र फर्कने मार्ग नगरपालिकाले निर्धारण गर्नेछ । उत्खनन् गर्नका लागि साधन सहित प्रवेश गर्दाका बखत प्रवेश आदेश लिएर मात्र प्रवेश गर्ने व्यवस्था मिलाई सोको अभिलेख राख्नु पर्नेछ ।

(७) उत्खनन् गरी सकेपछि छनौट गरी छाडिएको काम नलाग्ने वस्तु जुन स्थानबाट निकालिएको हो सोही स्थलमा वातावरणीय अध्ययन प्रतिवेदनमा तोकिए बमोजिम तह मिलाई खाडल नदेखिने गरी सम्याई राख्नु पर्नेछ ।

(८) संकलन र उत्खनन् कार्य गर्दा नदी वा पानीको प्राकृतिक बहाव परिवर्तन नहुने गरी व्यवस्था गर्नु पर्नेछ ।

(९) संकलन र उत्खनन् कार्यमा खटिने ठेकेदार वा प्रतिनिधिले वातावरण अध्ययन प्रतिवेदनमा उल्लेख भएका शर्त, ठेक्का शर्त, अनुगमन समिति र नगरपालिकाले अनुगमनका क्रममा दिएका निर्देशन पालना गर्नु पर्नेछ ।

(१०) संकलन र उत्खनन् गरिएको नदीजन्य पदार्थ वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परिमाण भन्दा बढ्ने गरी सञ्चय गर्न निषेध गर्नु पर्नेछ ।

(११) नेपाल सरकार वा प्रदेश सरकार र नगरपालिकाले तोकेको सडक सीमा र मापदण्ड भित्रको क्षेत्रमा ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् र संकलन गर्न वा सञ्चय गर्न पाइने छैन । साथै सडकको पुलभन्दा १००० मिटर तल र ५०० मिटर माथिको नदी किनाराबाट नदीजन्य पदार्थ उत्खनन् र संकलन गर्न पाइनेछैन ।

(१२) उत्खनन् स्थलमा संलग्न जनशक्तिको सुरक्षा तथा व्यवस्थापनसँग सम्बन्धित कार्य मिलाउने दायित्व उत्खनन् र संकलनकर्ताको हुनेछ ।

**११.** **<u>खानीजन्य पदार्थ उत्खनन् तथा प्रशोधन सम्बन्धी व्यवस्थाः</u>** (१) खानीबाट ढुङ्गा, बालुवा र माटोजन्य पदार्थ उत्खनन् तथा संकलन सम्बन्धमा खानी दर्ता तथा सञ्चालन गर्नु पुर्व खानी

संचालन गर्न उपयुक्त भए नभएको विषयमा राय सुझाव दिन नगरपालिकाले देहाय वमोजिमको प्राविधिक समिति गठन गर्नेछ ।

(क) नगरपालिकाको पुर्वाधार विकास शाखा प्रमुख - संयोजक

(ख) वन तथा वातावरण शाखा प्रमुख - सदस्य

(ग) नगरपालिकाको नापी सम्बन्धी कार्य गर्ने कर्मचारी - सदस्य

(घ) प्रमुखले तोकेको भूमि प्रशासन सम्बन्धी विज्ञ एक जना - सदस्य

(ङ) प्रमुखले तोकेको भूगर्भविद् - सदस्य

(च) नगरपालिकाको राजस्व शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा आवश्यकतानुसार संघीय तथा प्रदेश सरकारका स्थानीय कार्यालय वा निकायका प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले स्थलगत अध्ययन समेत गरी आर्थिक, सामाजिक, भौगोलिक, प्राविधिक तथा समितिले उपयुक्त ठहऱ्याएको अन्य आधार समेत खोली प्रतिवेदन कार्यालयमा पेश गर्नु पर्नेछ ।

(४) खानी दर्ता गर्न चाहिने जग्गाको न्यूनतम क्षेत्रफल प्रचलित कानून तथा नगरपालिकाले तोके बमोजिम हुनेछ ।

(५) यस दफा बमोजिम दर्ता भै संचालन भएका खानीजन्य उद्योगहरूबाट उत्पादित ढुङ्गा, गिट्टी, बालुवा तथा माटोको निकासी परिमाणको आधारमा नगरपालिकाले सभाद्वारा निर्धारित दरमा उत्पादन तथा संकलन स्थानबाट निकासी शुल्क संकलन गर्नेछ ।

१२. **क्रसर उद्योग सम्बन्धी व्यवस्थाः** (१) क्रसर उद्योग सम्बन्धी मापदण्ड नेपाल सरकार र प्रदेश सरकारले तोके बमोजिमको हुनेछ ।

१३. **खानी, वासिंग तथा फिरफिरे सम्बन्धि व्यवस्थाः**(१) खानी, वासिङ तथा फिरफिरे सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ,-

(२) २० रोपनी भन्दा बढी क्षेत्रफल खानी संचालन गर्नुपरेमा खानी विभागको स्वीकृति लिनुपर्नेछ ।

(३) २० रोपनी भन्दा कम क्षेत्रफलमा खानी संचालन गर्नुपरेमा र वासिंग तथा फिरफिरे संचालन गर्नुपरेमा नगरपालिकाको अनिवार्य स्वीकृति लिनुपर्नेछ ।

(४) खानी, वासिङ तथा फिरफिरे दर्ता तथा सञ्चालन सम्बन्धी व्यवस्था दफा (८) र (९) बमोजिम कै प्रक्रिया अनुसार हुनेछ ।

(५) ढुंगा, गिट्टी, बालुवा तथा माटो प्रशोधनकर्ताले विहान ६ बजेदेखि बेलुकी ६ बजेसम्म मात्र प्रशोधन गर्न सक्नेछन् ।

(४) खानी, वासिंग र फिरफिरे संचालनको लागि रु ५ लाख देखि २५ लाख सम्म नगद धरौटी वा बैंक ग्यारेन्टी दफा ५ को समितिले सिफारिश गरे बमोजिम अनिवार्य राख्नुपर्नेछ ।

(५) बालुवा, पाँगो धुने वा प्रशोधन गर्ने (फिरफिरे) संचालन गर्दा निष्कासन भएको धुलो, फोहर, लेदो आदिलाई प्रशोधन गर्ने व्यवस्था मिलाई प्रशोधित पानी मात्र पानीको स्रोतमा मिसाउने प्रबन्ध गर्ने दायित्व सम्बन्धित सञ्चालनकर्ताको हुनेछ ।

(६) बालुवा, पाँगो धुने वा प्रशोधन गर्ने (फिरफिरे) उद्योगले प्रचलित कानुन बमोजिम गर्नुपर्ने

**१४.** **<u>उत्खनन् वा प्रशोधन कार्य गर्ने अधिकारः</u>** (१) कुनै क्षेत्रमा कुनै खनिज पदार्थको उत्खनन् वा प्रशोधन गर्ने अनुमति प्राप्त व्यक्तिलाई सो क्षेत्रमा सोही खनिज पदार्थको उत्खनन् वा प्रशोधन कार्य गर्न अनुमति पाउने अधिकार हुनेछ ।

(३) खनिज पदार्थ उत्खनन, संकलन तथा प्रशोधन गर्ने अधिकार पाएको व्यक्ति वा संस्थाले परम्परादेखि प्रयोगमा आइ रहेको जलाधार, पानीको मुहानमा प्रतिकूल प्रभाव पर्ने गरी कार्य गर्ने अधिकार हुने छैन ।

**१५.** **खनिज पदार्थको मूल्य र करको दरः** (१) नदीजन्य पदार्थको मूल्य (संकलन शुल्क) प्रचलित कानून बमोजिमको हुनेछ ।

(२) खनिज पदार्थको करको दर प्रदेश कानून बमोजिम हुनेछ ।

**१६.** **<u>ठेक्का बन्दोवस्त सम्बन्धी व्यवस्थाः</u>** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र पर्ने नदीजन्य पदार्थ बिक्री वितरण सार्वजनिक सूचना जारी गरी प्रचलित कानून बमोजिम ठेक्का बन्दोवस्त गरी बिक्री वितरण गर्नेछ ।

(२) ठेक्का सकार गर्ने व्यक्ति, संस्था वा फर्म वा कम्पनीले उत्खनन्, संकलन इजाजत लिँदा सकार गरेको रकम सार्वजनिक सूचनामा तोकिएको समय र किस्तामा नगरपालिकालाई बुझाउनु पर्नेछ ।

(३) ठेक्का सकार गर्ने व्यक्ति, संस्था वा फर्म वा कम्पनीले नगरपालिकाकाबाट जारी गरिएको वील प्रमाणित गरेर मात्र जारी गर्नुपर्नेछ ।

**१७. खनिज पदार्थको ओसार पसार गर्ने विधिः** (१) खनिज पदार्थ बोकेका सवारी साधनहरूले ढुवानी अवधिभर खनिज पदार्थ उत्खनन् वा संकलन गर्ने स्थलमा प्रवेश गर्ने अनुमति र राजस्व तिरेको निस्सा साथमा लिएर मात्र ओसार पसार गर्नु पर्दछ । त्यस्तो निस्सा ३ प्रति छापी १ प्रति ढुवानी साधनमा, १ प्रति नगरपालिकामा र १ प्रति ठेक्का लिने वा सकारकर्ताकोमा रहने व्यवस्था गर्नु पर्नेछ ।

(२) खानीजन्य पदार्थ ढुवानी गरी लैजाने सवारी साधनले पटके आदेशमा मिति, समय, सवारी नं. ढुवानी गरी लैजाने स्थल, परिमाण पदार्थको प्रकार, संकलन गरेको स्थल आदि समेतको विवरण उल्लेख गरेको निस्सा साथै राख्नु पर्नेछ ।

(३) खनिज पदार्थ ढुवानी गर्दा २५० घनफुट सम्मको ट्रक वा टिप्परको प्रयोग गर्न दिने व्यवस्था गर्नु पर्नेछ ।

(४) खनिज पदार्थ उत्खनन् वा संकलन गर्ने स्थल जाने प्रवेश मार्गमा धुलो उड्न नदिन नियमित रुपमा पानी छर्कने प्रबन्ध उत्खनन् वा ढुवानीकर्ताले मिलाउनु पर्नेछ ।

(५) खनिज पदार्थ लोड गरी ओसार पसार गर्ने क्रममा लोड सवारी साधन गन्तव्यमा नपुगुन्जेल सडक किनारामा पार्किङ्ग गर्न पाइने छैन । सवारी साधन बिग्रेको हकमा यथासम्भव छिटो सडकबाट किनारा लगाउने व्यवस्था ढुवानीकर्ताले मिलाउनु पर्नेछ ।

**१८. खनिज पदार्थको भण्डारणः** (१) खनिज पदार्थ संकलन वा उत्खनन् भएको स्थलबाटै सिधै बजारमा लगेर बिक्री गर्न सकिने छ ।

(१) बजारमा माग नभएको अवस्थामा मात्र नगरपालिकाको स्वीकृति लिई भण्डारण गर्न सकिने छ ।

(२) खनिज पदार्थ संकलनकर्ताले वन क्षेत्र, सार्वजनिक सडकको क्षेत्राधिकार रहेको क्षेत्र, सार्वजनिक सम्पत्तिको किनार आसपास, पानीको मुहान एवं धार्मीक तथा सांस्कृतिक

महत्वका पूर्वाधारको आसपास एवं विद्यालय, कलेज, स्वास्थ्य संस्थाको आसपास भण्डारण गर्न हुदैन ।

(३) संकलनकर्ताले भण्डारणका लागि आफ्नै स्वामित्व वा भाडामा रहेको जग्गामा प्रचलित कानुन बमोजिमको सम्झौता गरी कानुन बमोजिमको प्रक्रिया पुऱ्याइ प्राप्त गरेको जमिनमा भण्डारण गर्न सक्नेछ ।

(४) खनिज पदार्थ उत्खनन् वा संकलन कर्ताले निजी खर्चमा सम्बन्धित वन कार्यालयको सहयोगमा भण्डारण वा प्रशोधन गर्ने क्षेत्रको वरिपरि कम्तीमा दुई तहको वृक्षारोपण वा सेल्टरवेल्ट स्थापना गर्नु पर्नेछ ।

**१९.** **निषेध गरिएकोः** देहायका कार्यहरू गर्न निषेध गरिएको छ,-

(क) वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परिमाण भन्दा बढ्ने गरी खनिज पदार्थको संकलन, उत्खनन्, ढुवानी वा संचय गर्न,

(ख) सार्वजनिक, ऐलानी तथा पर्ती जग्गामा विना अनुमति खनिज पदार्थको भण्डारण गर्न,

(ग) खनिज पदार्थको ओसार पसार गर्न नहुने भनी उल्लेख भएका विषयहरू,

(घ) नगरपालिकाले  तोकेको वा आदेश भएको विषय बाहेक खनिज पदार्थको ओसार पसार र ढुवानी गर्दा कुनै किसिमको अवरोध, थप कर, दस्तुर, शुल्क लिने वा ढाट राखी अतिरिक्त शुल्क असुल गर्ने कार्य,

(ङ) ढुवानी साधनमा तोकिएको क्षमता भन्दा बढी हुने गरी थप खनिज पदार्थ ढुवानी गर्ने कार्य,

(च) वातावरणीय प्रतिवेदनमा उल्लेख भएको अवस्थामा बाहेक हेभी इक्विपमेन्ट प्रयोग गर्न,

**२०.** **खनिज पदार्थको संकलन अवधिः** (१) नदीजन्य पदार्थको संकलन समय आशविनदेखि जेष्ठ मसान्तसम्म हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि  कुनै खोला वा नदी विशेषको परिस्थितिलाई (नदीजन्य पदार्थ तत्काल नहटाउँदा धनजन र वातावरणमा क्षति पुग्ने स्थिति) अध्ययन गरी दफा............बमोजिमको समितिको सिफारिशमा नगरपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

**२१.** **खनिज कार्यको उत्खनन् तथा संकलन विधिः** (१) उत्खनन् पश्चात के कति परिणाम निकालिएको छ भनी नापजाँच गर्न मिल्ने गरी निशाना लगाई निर्धारित परिमाण भन्दा बढी

उत्खनन् गर्न नपाउने गरी साँध, किल्ला र निसानाको व्यवस्था गरी उत्खनन् कार्य गर्नु पर्दछ ।

(२) नदीजन्य वा खानीजन्य पदार्थ उत्खनन् गर्ने परिमाण, गहिराई, स्थान, प्रविधो तथा समय समेत सम्झौतामा नै तोकी दिनु पर्दछ साथै सो अनुसारको सूचना उत्खनन् गर्ने स्थानमा राख्ने व्यवस्था मिलाउनु पर्दछ ।

(३) नदीजन्य पदार्थ उत्खनन् गर्दा रेखाङ्कन गरिएको क्षेत्रभित्रको सीमाबाट मात्र वातावरणीय अध्ययन प्रतिवेदन तथा प्राविधिक समितिको प्रतिवेदनमा उल्लेख भएबमोजिमको उत्खनन् तथा संकलन ग्रने प्रविधि र मेसिनको प्रयोग गर्नु पर्दछ ।

(४) नगरपालिकाले उत्खनन् गरिने खनिज पदार्थको परिमाण, चारकिल्ला, उत्खनन् विधि र निर्धारित विधि अनुसार उत्खनन् भए नभएको सम्बन्धमा गुनासो सुन्ने अधिकारीको नाम र सम्पर्ख नम्बर लगायत जानकारीमूलक सूचना वोर्ड संकलन स्थलमा राख्ने व्यवस्था मिलाउने छ ।

(५) उत्खनन् वा प्रशोधन स्थलसम्म जाने पहुँच मार्ग र समय नगरपालिकाले तोकी दिए बमोजिम हुनेछ । तर यस्तो मार्ग वन क्षेत्रभित्र पर्ने भएमा सम्बन्धित वन कार्यालयको सहमतिमा पहुँच मार्ग र समय निर्धारण गरिनेछ ।

(६) उत्खनन् तथा संकलनकर्ताले उत्खनन् परिमाणको दैनिक तेरिज तयार गरी अभिलेख राख्नु पर्नेछ । साथै नगरपालिकाले मागेको बखत त्यस्तो तेरिज उपलब्ध गराउनु पर्नेछ ।

(७) नदी, खोला वा खोल्सीबाट प्रचलित कानुन बमोजिम उत्खनन् तथा संकलन गर्दा वातावरणीय प्रतिवेदन र प्राविधिक प्रतिवेदनमा तोकिएको गहिराई र परिमाणमा मात्र तह मिलाई खाडल नदेखिने गरी गर्नुपर्नेछ । संकलन वा उत्खनन् गर्दा नदीको पानीको वहाव क्षेत्रलाई परिवर्तन गर्ने गरी उत्खनन् गर्न पाइने छैन ।

(८) प्रचलित कानुनले निषेध गरेको क्षेत्रमा वा निषेध गरेका उपकरण र औजारको प्रयोग गरी उत्खनन् वा संकलन गरेको पाइएमा नगरपालिकाले जुनसुकै बखत अनुमति रद्द गर्न सक्नेछ ।

(९) उत्खनन् वा संकलन स्थलमा काम गर्ने कामदारको सुरक्षा र वीमा र प्रचलित कानुन बमोजिम दिनु पर्ने न्यूनतम पारिश्रमिक नियमित भुक्तानीको व्यवस्था उत्खनन् वा संकलनकर्ताको हुनेछ ।

(१०) उत्खनन्, संकलन वा बिक्री वितरणमा बालश्रमको प्रयोग गर्न पाइने छैन ।

(११) उत्खनन् वा संकलन गर्न अनुमति पाएको व्यक्ति, संस्थाले विहान ६ बजेदेखि बेलुकी ६ बजेसम्म मात्र उत्खनन् वा संकलन गर्न पाउनेछ ।

(१२) उत्खनन् वा बिक्री वितरण स्थल र मुख्य बसोबास, विद्यालय, अस्पताल, नदीमा बनेका संरचना, जलविद्युत केन्द्र वा ट्रान्सफर्मर वा विद्युतीय पोल, सिंचाइ कुलो, खानेपानी लगायतका अन्य संवेदनशील संरचना बीचको दुरी तथा उत्खनन् गर्ने स्थान, परिमाण, इकाई, गहिराइ सम्बन्धी व्यवस्था प्रचलित कानुन र वातावरणीय प्रतिवेदन वा अनुगमन समिति वा प्राविधिक समितिको सिफारिशको आधारमा नगरपालिकाको निर्णय अनुसार हुनेछ ।

(१३) उत्खनन्, संकलन तथा बिक्री वितरणबाट वातावरण प्रदूषण गराउन हुँदैन साथै त्यस्ता स्थानबाट निस्कने फोहरमैलाको व्यवस्थापन गर्ने दायित्व सम्बन्धित उत्खननकर्ता, संकलक वा बिक्री वितरणकर्ताको हुनेछ ।

(१४) उत्खनन्, संकलन वा बिक्री वितरण कार्यको स्पष्ट अभिलेख राखी व्यक्ति, कम्पनी वा फर्मले प्रचलित कानुन बमोजिम तिर्नु बुझाउनु पर्ने कर बुझाउने वा तिर्ने दायित्व त्यस्तो व्यक्ति, कम्पनी वा फर्मको हुनेछ ।

२२. **खनिज पदार्थको ओसारपसार गर्ने विधिः** (१) नदीजन्य पदार्थ लोड भएका सवारी साधनहरूले ढुवानी अवधिभर खनिज पदार्थ उत्खनन् तथा संकलन स्थलमा प्रवेश गर्ने अनुमति र तोकिए बमोजिमको राजस्व तिरेको निस्सा लिएरमात्र त्यस्ता सामाग्रीको ओसार पसार गर्नुपर्नेछ ।

(२) खनिज पदार्थ ढुवानी गर्दा २५० घनफुट सम्मको ट्रक वा टिप्परको प्रयोग गर्नुपर्नेछ ।

(३) खनिज पदार्थ ढुवानी गर्ने सवारीले ढुवानी अवधिभर प्रेसर हर्न बजाउन पाउने छैन ।

(४) खनिज पदार्थ ढुवानी गर्ने साधनले संकलन वा उत्खनन् स्थलबाटै ढुवानी साधनलाई छोपी, पानी नचुहिने व्यवस्था गरी प्रदुषण नहुने व्यवस्था मिलाउनु पर्नेछ ।

(५) खनिज पदार्थ ढुवानी गर्ने सवारीको अधिकतम गति ४० किमी प्रतिघण्टा भन्दा बढी हुनेछैन ।

२३. **<u>सुविधा तथा सहुलियतः</u>** अनुमति प्राप्त व्यक्तिले खनिज कार्य गर्दा पाउने सुविधा तथा सहुलियत नगर कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

२४. **<u>स्थानीय विकास शुल्क तथा रोयल्टी सम्बन्धमाः</u>** नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने खनिज पदार्थ सम्बन्धी कार्य गर्ने व्यक्ति, संस्था वा निकायले प्रदेश कानुन बमोजिम रोयल्टी र नगरसभाको निर्णयानुसार स्थानीय विकास शुल्क तिर्नु बुझाउनु पर्नेछ ।

२५. **<u>विष्फोटक पदार्थको प्रयोगः</u>** खनिज कार्यको लागि चाहिने विष्फोटक पदार्थहरु अनुमति प्राप्त व्यक्तिले नेपाल सरकार वा प्रदेश सरकारले समय समयमा निर्णय गरेबमोजिमको शर्त तथा प्रचलित कानूनको अधीनमा रही पैठारी, संचय, ओसार-पसार र प्रयोग गर्न सक्नेछ । उक्त कार्यका लागि नगरपालिकाले सम्बन्धित निकायमा आवश्यक शिफारिशको लागि सहजिकरण गर्नेछ ।

२६. **<u>अनुगमन सम्बन्धी व्यवस्थाः</u>** (१) नगरपालिकाले यो कार्यविधि बमोजिम खनिज कार्य भए नभएको सम्बन्धमा अनुगमन गरी कार्यपालिकामा प्रतिवेदन पेश गर्न देहाय बमोजिमको समिति गठन गर्नेछ,-

(क) प्रमुख — संयोजक

(ख) खनिज कार्य भएको वडाको वडाध्यक्ष — सदस्य

(ग) नगरपालिकाको वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक — सदस्य

(घ) नगरपालिकाको सामाजिक विकास समितिको संयोजक — सदस्य

(ङ) प्रमुखले तोकेको वातावरण वा विपद् व्यवस्थापन विज्ञ — सदस्य

(च) प्रमुखले तोकेको भूगर्भ विज्ञ — सदस्य

(छ) पूर्वाधार विकास शाखा प्रमुख — सदस्य

(ज) सम्बन्धित प्रहरी कार्यालय प्रमुख — सदस्य

(झ) प्रमुख प्रशासकीय अधिकृत — सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिले नगरपालिकाभित्र संचालनमा रहेका खनिज कार्यको वर्षमा कम्तीमा १ पटक अनुगमन गरी सो प्रतिवेदन कार्यपालिकामा पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रतिवेदन पेश गर्दा निम्न विषयहरूमा आफ्नो राय र सुझाव समेत पेश गर्नु पर्नेछ,-

(क) खनिज कार्य भएकोमा सोको अवस्था

(ख) खनिज कार्यले सामाजिक, सांस्कृतिक, वातावरणमा परेको प्रभाव,

(ग) खनिज कार्य सम्बन्धमा नगरपालिकाले निर्देशन दिएको भए सोको कार्यान्वयन अवस्था,

(घ) खनिज कार्यको सम्बन्धमा नेपाल वा प्रदेश सरकारले समय समयमा गरेको निर्णयको कार्यान्वयनको अवस्था,

(ङ) खनिज कार्य सञ्चालन भएको क्षेत्रका बासिन्दाहरूको धारणा,

(च) खनिज कार्यले सार्वजनिक पूर्वाधारमा परेको प्रभाव,

(छ) खनिज कार्यमा संलग्न व्यक्ति वा निकाय वा संस्थाको भनाई,

(ज) प्रचलित कानून बमोजिम खनिज कार्यमा संलग्न व्यक्ति, निकाय वा संस्थामा गर्नुपर्ने प्रतिवेदनको अवस्था

(झ) संकलन उत्खनन् तथा ओसार पसारका शर्तहरूको परिपालना, उत्खनन् परिमाणको नियन्त्रण, राजस्व चुहावट तथा चोरी नियन्त्रण जस्ता विषयहरू,

(ञ) खनिज पदार्थको बजार मूल्यको अनुगमन,

(ट) समितिले देखेका अन्य आवश्यक विषयहरू ।

(३) समितिले अनुगमनको क्रममा खनिज कार्य गर्ने स्थलमा वातावरणीय अध्ययन प्रतिवेदन वा प्राविधिक प्रतिवेदनमा उल्लेख भए बमोजिमको उत्खनन् योग्य परिमाण उत्खनन् भैसकेको पाइएमा ठेक्का अवधि बाँकी रहे पनि उक्त खनिज स्थलमा खनिज कार्य गर्न नहुने भन्ने विषय समेत समावेश गर्न सक्नेछ ।

(४) नगरपालिकाले खनिज कार्य प्रचलित कानून र यस कार्यविधि बमोजिम भए नभएको सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न प्राविधिक समिति गठन गर्न वा स्वतन्त्र विज्ञ समूह वा संस्था मार्फत कार्य गराउन सक्नेछ ।

**२७.** **<u>नियमन सम्बन्धी व्यवस्थाः</u>** (१) कसैले कार्यविधि बमोजिम खनिज कार्य गर्ने अनुमति नलिई खनिज कार्य गरेमा नगर कार्यपालिकाले त्यस्तो खनिज कार्य बन्द गरी खनिज कार्यमा प्रयोग गरिएको यन्त्र, उपकरण, औजार र मालसामान तथा अनधिकृत तवरले उत्खनन् गरेको खनिज

पदार्थ समेत जफत गर्नुको साथै त्यस्तो कार्यबाट नोक्सान भएको धनसम्पत्तिको क्षति पनि भराउन सक्नेछ ।

(२) अनुमति प्राप्त व्यक्तिले यस कार्यविधि बमोजिमको आदेश पालन नगरेमा त्यस्तो निर्देशन वा आदेश पालन नगरेसम्म कार्यपालिकाले खनिज कार्य स्थगित गर्न वा खनिज कार्य गर्ने अनुमति नै रद्द गर्न सक्नेछ र त्यस्तो निर्देशन वा आदेश पालन नगरेको कारणबाट खानी वा खनिज पदार्थको भण्डारमा क्षति पुग्न गएमा, भूक्षय भएमा वा कसैको जिउ वा धन सम्पत्तिमा चोटपटक वा नोक्सानी पर्न नोक्सानीको आधारमा मुनासिब क्षतिपूर्ति समेत अनुमति प्राप्त व्यक्तिबाट भराइनेछ ।

(३) सर्वसाधारणले निजी प्रयोगको निमित्त उपयोग गरी आएको प्रचलनमा प्रतिकूल असर नपर्ने गरी नगरपालिकाको निर्माण कार्यको प्रयोगमा आउने साधारण माटो, गिट्टी, ढुंगा र बालुवाजस्ता खनिज पदार्थका सम्बन्धमा छुट्टै व्यवस्था गर्न सक्नेछ ।

(४) नगरपालिकाले खनिज कार्यबाट खानी वा खनिज पदार्थको भण्डारलाई हुनसक्ने क्षति, कसैको जिउ वा सम्पत्तिमा पर्न सक्ने चोटपटक वा नेक्सानी रोकथाम गर्न, कुनै प्रतिष्ठान (इन्सटलेशन) मा हानी नोक्सानी हुन नदिन र भू–क्षय हुन नदिन आवश्यक आदेश दिन सक्नेछ ।

(५) खनिज कार्य गर्ने व्यक्तिले वातावरणमा उल्लेखनीय (सिग्निफिकेन्ट) प्रतिकूल असर पार्ने कार्य गरेको देखिएमा त्यस्तो कार्यमा सुधार ल्याउन नगरपालिकाले सम्बन्धित व्यक्तिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(६) अनुमति प्राप्त व्यक्तिले दफा  यस कार्यविधि बमोजिम नगरपालिकामा दिनुपर्ने सूचना वा प्रतिवेदन नदिएमा त्यसरी सूचना वा प्रतिवेदन नदिएसम्म नगरपालिकाले खनिज कार्य स्थगित गर्न सक्नेछ ।

(७) यस कार्यविधि बमोजिम कारवाही गर्नुभन्दा अगाडि नगर कार्यपालिकाले सम्बन्धित व्यक्तिलाई स्पष्टीकरण पेश गर्ने मनासिव मौका दिनेछ ।

(८) यस कार्यविधि बमोजिम भएको सजायको आदेशमा चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र न्यायिक समितिमा निवेदन दिन सक्नेछ ।

(९) खनिज कार्यको लागि कुनै जग्गामा केही समयको लागि कुनै यन्त्र, उपकरण, औजार जडान गर्न वा नाप नक्शा वा खनिज कार्यसम्बन्धी अन्य कुनै काम गर्न आवश्यक भएमा उपदफा (३) को अधीनमा रही त्यस्तो जग्गामा प्रवेश गरी त्यस्तो काम गर्न सक्नेछ ।

(१०) नगरपालिका वा अनुमति प्राप्त व्यक्तिले खनिजकार्य गर्दा कुनै जग्गावालाले आफ्नो जग्गा उपभोग गर्न नपाएमा वा त्यस्तो जग्गामा रहेको बाली, रुख, घर, वस्तु वा अन्य सम्पत्ति नोक्शानी भएमा नगर कार्यपालिकाले आवश्यक प्राविधिक परामर्श लिई प्रचलित दरभाउलाई समेत ध्यानमा राखी सम्बन्धित जग्गावालालाई क्षतिपूर्ति दिइनेछ ।

(११) नगरपालिकाले सार्वजनिक हितको लागि आवश्यक देखेमा वा नेपाल सरकार वा प्रदेश सरकारबाट निर्णय भइ आएको अवस्थामा तुरुन्त खनिज कार्य रोक्का गरी खनिज कार्य गर्ने अनुमति वा नवीकरण कार्य रद्द गर्न सक्नेछ ।

(१२) उपदफा (११) बमोजिम नगरपालिकाले खनिज कार्य गर्ने अनुमति वा नवीकरण रद्द गर्नु अघि त्यस्तो व्यक्तिलाई सुनवाईको मौका दिनेछ ।

२८. **अनुमतिको नामसारीः** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले नगरपालिकाको पूर्व स्वीकृति नलिई आफूले प्राप्त गरेको अनुमतिपत्र अन्य कसैको नाममा नामसारी गरी दिन सक्ने छैन ।

(२) अनुमतिपत्र प्रात व्यक्ति वा संस्था वा निकायले प्राप्त गरेको अनुमतिपत्र अरु कसैको नाममा नामसारी गर्न चाहेमा त्यसरी नामसारी गरि लिन चाहने व्यक्ति वा संस्था वा निकायले तोकिए बमोजिमको योग्यता भएको प्रमाणसहित नगरपालिका समक्ष नामसारीको लागि निवेदन दिनु पर्नेछ ।

(३) नगरपालिकाले त्यसरी प्राप्त भएको निवेदन उपर जाँचबुझ गरी नामसारी गरी लिन चाहने व्यक्ति संस्था वा निकाय योग्य भएमा निवेदन प्राप्त भएको मितिले ३० दिनभित्र नामसारी गरी दिने निर्णय गरी सक्नु पर्नेछ ।

२९. **अनुमतिपत्रको नवीकरणः** (१) उत्खनन् तथा संकलनको कार्यको लागि अनुमति प्राप्त व्यक्ति वा संस्था वा निकायले प्रत्येक आर्थिक वर्षको आषाढ मसान्तभित्र नविकरण गर्नुपर्नेछ ।

(२) उत्खनन् कार्यको अनुमतिपत्र प्राप्त व्यक्ति, संस्था वा निकायले त्यस्तो अनुमति प्राप्त गर्दा अनुमति लिने निकायमा पेश गरेको वातावरणीय प्रतिवेदन, माइनिङ स्किम वा अन्य प्राविधिक प्रतिवेदनमा उत्खनन् कार्य सम्पन्न गर्ने अवधि तोकएकोमा सोही बमोजिम

अन्यथा अति साना स्तर, सानास्तर, मझौलास्तर र ठूला स्तरका खनिज पदार्थको हकमा क्रमशः ५ वर्ष, ७ वर्ष, ९ वर्ष र ११ वर्षको अवधिभित्र उत्खनन् कार्य सम्पन्न गरी सक्नु पर्नेछ ।

स्पष्टीकरणः अति साना स्तर, सानास्तर, मझौलास्तर र ठूला स्तरका खनिज पदार्थ भनी संघीय र प्रदेश कानुनमा व्यवस्था भएकोमा सोही बमोजिम र अन्यथा भएकोमा कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) खण्ड (२) बमोजिमको अवधिभित्र उत्खनन् कार्य सम्पन्न हुन नसकिने भई अवधि थप गर्नुपर्ने भएमा उत्खनन् अवधि समाप्त हुनुभन्दा ३ महिना अगावै अनुमति प्राप्त व्यक्ति, संस्था वा निकायले अवधि थपका लागि वार्षिक उत्पादन प्रगति विवरणहसित अनुसूची ३ बमोजिम नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(४) नगरपालिकाले खण्ड (३) बमोजिमको निवेदन उपर जाँचबुझ गरी अवधि थप गरी दिने मनासिव देखिएमा अति साना स्तर, सानास्तर, मझौलास्तर र ठूला स्तरका खनिज पदार्थको उत्खनन् कार्यको क्रमशः १ वर्ष, २ वर्ष, ३ वर्ष र ४ वर्ष सम्मको लागि अवधि थप गरिदिन सक्नेछ ।

(५) उत्खनन् कार्यको अनुमति प्राप्त व्यक्ति, संस्था वा निकायले प्रत्येक वर्षको आषाढ मसान्तभित्र नगरसभाले तोके बमोजिमको दस्तुर तिरी अनुमति पत्र नवीकरणको लागि नगर प्रमुख समक्ष पेश गर्नु पर्ने छ ।

(६) अनुमति नवीकरणको अवध समापत् भएमा ३ महिनाभित्र प्रचलित कानुन बमोजिम संघ, प्रदेश र नगरपालिकालाई तिर्नु बुझाउनु पर्ने कर, दस्तुर तिरेको प्रमाण सहित प्रमुख समक्ष नवीकरणको लागि पेश गर्नु पर्नेछ ।

(७) खण्ड (५) र (६) बमोजिम पेश हुन आएको निवेदन देहाय बमोजिमको कागजातको आधारमा नगरप्रमुखको आदेशमा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत नवीकरण गरी दिनु पर्नेछ ।

(क) कर चुक्ता प्रमाणपत्र,

(ख) खानी सञ्चालन अनुमति पत्रको प्रमाण,

(ग) वातावरणीय अध्ययन प्रतिवेदनको प्रगति स्थिति,

(घ) शेयर सदस्य संख्या

(ङ) दफा (   ) बमोजिमको अनुगमन समितिको सिफारिस

**३०. अनुमतिपत्रको खारेजीः** अनुमतिपत्र देहायको अवस्था अवस्थामा रद्द हुनेछ,-

(१) अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्र परित्याग गर्ने निवेदन दिएमा,

(२) उत्खनन् तथा संकलनको लागि दिइएको अनुमतिपत्र निवेदक आफैंले वा निजको अधिकार प्राप्त अधिकारी वा प्रतिनिधिले बुझी नलिएमा,

(३) प्रचलित कानुन बमोजिम तोकिएको समायावधिभित्र नवीकरण नगराएमा,

(४) संघीय र प्रदेश कानुन बमोजिम सार्वजनिक हित वा राष्ट्रिय सुरक्षा वा वातावरणमा प्रतिकूल असर पर्न सक्ने कार्य गरेकोले अनुमतिपत्र खारेज वा रद्द गरी दिन निर्णय भई आएमा,

(५) प्रचलित कानुन तथा यस कार्यविधि बमोजिम तोकिएको कर, दस्तुर, शुल्क तोकिएको समयमा सम्बन्धित निकायमा बुझाएको प्रमाण पेश गर्न नसेकेकोमा,

(६) यस कार्यविधि बमोजिम पेश गर्नुपर्ने विवरण, प्रतिवेदन, सूचना तोकिएको समयभित्र पेश गर्न बारम्बार ताकेता गरेकोमा पेश नगरेकोमा,

(७) यस कार्यविधि बमोजिम तोकिएको शर्तहरूको पालना नगरेमा,

(८) अनुमति पत्रको अवधि समाप्त भएमा ।

**३१. <u>मध्यस्थता सम्बन्धी व्यवस्थाः</u>** नगरपालिका र अनुमति प्राप्त व्यक्तिबीच खनिज कार्यसँग सम्बन्धित कुनै कुराको सम्बन्धमा उठेको कुनै विवाद दुवै पक्षले आपसी सरसल्लाहबाट सुल्झाउन नसकेमा दुवै पक्षबीचमा भएको सम्झौतामा तोकिएकोमा सोहीबमोजिम र सम्झौतामा नतोकिएकोमा नगरपालिकाको न्यायिक समितिबाट मध्यस्थताद्वारा समाधान गरिनेछ ।

**३२. <u>सूचना तथा प्रतिवेदनः</u>** अनुमति प्राप्त व्यक्तिले तोकिए बमोजिमको सूचना तथा प्रतिवेदन तोकिएबमोजिम नगरपालिकामा दिनु पर्नेछ ।

**३३. विविधः** (१) नदीजन्य वा खानीजन्य पदार्थ संकलन वा उत्खनन् क्षेत्र दुई वा दुई वा दुईभन्दा वढी नगरपालिका क्षेत्रभित्र  पर्ने अवस्था भएमा दुई नगरपालिकाको सहमतिमा उत्खनन् वा संकलन गरिनेछ ।

(२) नेपाल सरकार, प्रदेश सरकार  वा नगरपालिका र विकास साझेदारहरूको सहयोगमा सञ्चालित परियोजनाहरूलाई नगरपालिकाको स्वामित्वमा रहेको खनिज पदार्थ संकलन वा

उत्खनन् स्थलबाट खनिज पदार्थ उपलब्ध गराउनु पर्दा सम्बन्धित आयोजना कार्यालयको आवश्यक परिमाण खुल्ने  व्यहोराको सिफारिस, सम्बन्धित निकायले स्वीकृत गरको वातावरणीय अध्ययन प्रतिवेदन, आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन र आयोजना संचालन गर्ने गरी भएको सम्झौता लगायतका कागजातको आधारमा नगरपालिकामा तोकिए बमोजिमको राजस्व बुझाउने गरी उपलब्ध गराउन सकिनेछ ।

**३४.** **<u>कार्यविधि बनाउने अधिकारः</u>** (१) यस कार्यविधिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न कार्यपालिकाले निम्न विषयमा मापदण्ड बनाइ लागु गर्न सक्नेछ,-

(क) खनिज कार्य गर्न अनुमति लिन चाहने व्यक्तिको योग्यता,

(ख) खनिज पदार्थ सम्बन्धी ठेक्का दिने, सो को सम्झौता तथा अनुमतिपत्रमा रहने कुराहरु,

(ग) खनिज क्षेत्रको सर्भेक्षण, नाप, नक्शा तथा क्षेत्र परित्याग,

(घ) खनिज कार्य गर्दा अपनाउनु पर्ने कार्यविधि तथा पालन गर्नुपर्ने शर्तहरु,

(ङ) खनिज कार्य गर्दा धन–जनको सुरक्षा गर्ने र भू–क्षय तथा वातावरणमा उल्लेखनीय (सिग्निफिकेन्ट) प्रतिकूल असर हुन नदिन गर्नुपर्ने सुरक्षात्मक व्यवस्था,

(च) अनुमति प्राप्त व्यक्तिले बुझाउनु पर्ने रोयल्टी, दस्तुर तथा स्थानीय विकास शुल्क,

(छ) अनुमति प्राप्त व्यक्तिले राख्नुपर्ने खनिज कार्यको हिसाब किताब,

(ज) अनुमति प्राप्त व्यक्तिले दिनुपर्ने सूचना, प्रतिवेदन तथा अन्य विवरणहरु,

(झ) निरीक्षण तथा जाँचबुझ सम्बन्धी कार्यविधि, र

(ञ) मध्यस्थतासम्बन्धी प्रक्रिया ।

तर, उपरोक्तानुसारको मापदण्ड वा आवश्यकतानुसार कार्ययविधि नबन्दा सम्म नगर सभाले तोके बमोजिम वा नगर कार्यपालिकाले तोके बमोजिम ठेक्का पट्टा र सो सँग सम्बन्धित सबै प्रक्रियाहरु, शुल्कहरु तथा स्थानीय सेवा शुल्क निर्धारण गरी लगाउन सक्नेछ ।

**३५.** नेपालको संविधान को अनुसूचि ८ बमोजिमको एकल अधिकारका सम्बन्धमा यसै कार्यविधि बमोजिम हुने तथा अनुसूचि ९ को संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचिभित्र रहेका विषयहरु प्रदेश सरकार र नेपाल सरकारको कानून बमोजिम हुनेछ ।

अनुसूची -१

(दफा............सँग सम्बन्धित)

उत्खनन् कार्यको अनुमतिपत्रको निवेदन

श्रीमान् प्रमुखज्यू,

कागेश्वरी मनोहरा नगरपालिका,

डाँछी, काठमाडौं ।

महोदय,

मैले/हामीले कागेश्वरी मनोहरा नगरपालिकाको खानीजन्य/नदीजन्य पदार्थको संकलन उत्खनन् /प्रशोधन ओसार पसार र बिक्री वितरण सम्बन्धी कार्यविधि २०७६ बमोजिम देहायको विवरण खोली उत्खनन् /प्रशोधन ओसार पसार र बिक्री वितरण कार्यको अनुमतिपत्रको लागि यो निवेदन पेश गरेको छु ।

१. व्यक्तिको,-
   (क)नाम, थरः
   (ख)ठेगानाः
   (ग) सम्पर्क नम्बरः
   (घ) ईमेलः
२. संगठित संस्था/फर्म/कम्पनीको,-
   (क)नामः
   (ख)ठेगानाः
   (ग) टेलिफोन नं.
   (घ) दर्ता भएको निकायः
   (ङ) दर्ता भएको नं. र मितिः
   (च) मुख्य सञ्चालकः
३. संकलन/उत्खनन् /प्रशोधन ओसार पसार र बिक्री वितरण गर्न चाहेको खनिज पदार्थः
४. संकलन/उत्खनन् /प्रशोधन ओसार पसार र बिक्री वितरण गर्न चाहेको अवधिः
५. संकलन/उत्खनन् को कार्य गर्न माग गरेको क्षेत्रको चारकिल्ला र स्केल नक्साः

(क)प्रदेश नं. ३

(ख)जिल्लाः काठमाडौं

(ग) नगरपालिकाः कागेश्वरी मनोहरा नगरपालिका वडा नं…………

(घ) साविक गाविसः

(ङ) स्थानः

(च) टोपो सिट नं.

(छ)मुल चिन्हः

(ज)पूर्व……………………………………………..मिटर

(झ)पशचिम…………………………………………मिटर

(ञ) उत्तर ……………………………………………मिटर

(ट) दक्षिण …………………………………………..मिटर

जम्मा ……………………………………………… वर्ग कि.मी.

६. संकलन/उत्खनन् /प्रशोधन गर्न माग गरेको क्षेत्रको भूउपयोग विवरणः

(क)गाउँबस्तीः

(ख)वनः

(ग) खोला, नाला, पुल, बाटो, सार्वजनिक स्थल आदिः

(घ) जग्गाको किसिमः आवादी/पर्ती/सरकारी/सार्वजनिकः

(ङ) संकलन/उत्खनन् /प्रशोधन गर्न माग गरेको क्षेत्रभित्र पहिले संकलन/उत्खनन् /प्रशोधन भएको वा भैरहेको छ/छैनः

(च) संकलन/उत्खनन् /प्रशोधन गर्न माग गरेको क्षेत्र नजिक खोज तलास वा खानी क्षेत्र भएमा सोको विवरणः

७. संकलन/उत्खनन् /प्रशोधन गर्न माग गरेको क्षेत्रमा संलग्न हुने प्राविधिक कर्मचारीको व्यवस्थाः

८. आफैं भएः

(क)व्यवसायिक योग्यता र तालिमः

(ख)अनुभवः

९. अन्य भए

(क) नाम र ठेगानाः

(ख)व्यवसायिक योग्यता र तालिमः

(ग) अनुभवः

**<u>निवेदकको</u>**

दस्तखतः

नाम, थरः

बाबुको नामः

बाजेको नामः

ना.प्र.प.नं. ………………………, मितिः………………………………., जिल्ला…………….

**संलग्न कागजातहरूः**

(क) निवेदन

(ख) प्राविधिक क्षमता देखिने स्पष्ट आधारहरू खुलाउने प्रमाण कागजातहरू

(ग) आर्थिक हैसियत देखिने प्रमाण कागजातहरू

(घ) निवेदकको नागरिकताको प्रमाणित प्रतिलिपि, कम्पनी वा संस्था भए सो को दर्ता प्रमाणपत्रको प्रतिलिपि

(ङ) प्रबन्धपत्र तथा नियमावली, सञ्चालक समितिको निर्णय र कर कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि

(च) निजी जग्गामा खानी सञ्चालन गर्ने भए जग्गाको स्वामित्व खुलेको प्रमाणपत्रको प्रतिलिपि

(छ) अर्कैको जग्गा लिज, करारमा लिइ खानी सञ्चालन गर्ने भए त्यस्तो लिज वा करार सम्झौताको प्रतिलिपि

(ज) खानी सञ्चालन गरिने जग्गाको व्लु प्रिन्ट तथा ट्रेस नक्सा

(झ) वक्तिको हकमा २ प्रति फोटो

(ञ) नगरपालिकालाई तिर्नु बुझाउनु पर्ने राजस्व तिरेको प्रमाणपत्रको प्रतिलिपि

(ट) वडाको सिफारिश